जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय समितिको मिति २०८१ साल श्रावण २७, २८, २९ र ३० गते बसेको बैठकद्वारा सर्वसम्मतिले देहायका निर्णयहरु गरिएका छन् । उक्त निर्णयहरु यस प्रकार रहेका छन् ।

## १. राजबन्दी रिहाई र मुद्दा खारेजी सम्बन्धमा :

१. (क) विभिन्न चरणमा भएका मधेश आन्दोलनका दौरान आन्दोलनकारीहरू माथि लगाईएका मुद्दाहरू नेपाल सरकारसँग भएका सम्झौता अनुरूप सरकारले तुरून्त खारेज गर्नुपर्दछ र बन्दी बनाइएकाहरूको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन-सम्पत्तिलाई फुकुवा गरिनुपर्दछ ।

(ख) आफ्नो पहिचानको आन्दोलनमा लागेका आदिवासि जनजाति, लिम्वुवान किँरात आन्दोलनकारीहरू माथि लगाइएका मुद्दाहरु सरकारले फिर्ता लिई समस्याको न्यायोचित समाधान गरिनुपर्दछ ।

(ग) विगतमा प्रहरीद्वारा आन्दोलनरत व्यक्तिहरुको गैरन्यायिक हत्या गरिएका छन् । यसरी गैरन्यायिक रुपमा हत्या भएका आन्दोलनकारीहरुलाई शहीद घोषणा गरिनुपर्दछ ।

(घ) शहीद परिवारहरुको भरण-पोषण, शिक्षा स्वास्थ्य उपचार आदिको व्यवस्था गरिनुपर्दछ ।

## २. संघीयता कार्यान्वयन सम्बन्धमा

२. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारहरूलाई प्रहरी हस्तान्तरण गरिनुपर्दछ ।

३. संघीय निजामती ऐन संसदबाट पारित गरी कर्मचारी समायोजन सम्बन्धी बाँकी कार्यहरू सम्पन्न गरिनुपर्दछ ।

४. प्रदेश सरकारमा मन्त्रालयहरूको संख्या घटाउने ।

५. आवश्यक ऐन निर्माण गरी संविधानको अनुसूची ६ र ७ को अधिकार सूचीअनुसारका प्रदेशहरूलाई अधिकार, श्रोत र साधन प्रदान गरिनुपर्दछ ।

६. संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश मामिला सम्बन्धी विषयहरू प्रदेश सरकारलाई नै हस्तान्तरण गरी अनावश्यक फिजूल खर्च कटौती गरियोस् ।

७. संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकाय र कार्यालयहरु प्रदेशलाई तुरून्त हस्तान्तरण गरियोस् ।

८. संविधानको धारा ५६ (५) मा व्यवस्था भए बमोजिम विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गरियोस् ।

जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७ PEOPLE'S SOCIALIST PARTY, NEPAL

९. जिल्ला समन्वय समिति आवश्यक नरहेको र त्यसको भुमिका पनि आवश्यक नदेखिएकोले यसलाई हटाउनुनै उचित हुन्छ ।

**३) संविधान संशोधन सम्बन्धी**

१०. स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी राख्न आवश्यक संवैधानिक तथा कानूनी व्यवस्था गर्ने ।

११. संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व भएको सङ्घीय न्याय प्रणाली, राष्ट्रिय/जातीय पहिचानमा आधारित स्वायत्तता र स्वशासन सहितको राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड लगायतका प्रावधानहरू संशोधन गरी संविधानमा व्यवस्था गर्ने । प्रदेशहरूको नामाङ्करण गर्दा पहिचान झल्कने गरी गर्नुपर्दछ ।

१२. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन/पुनर्लेखन/परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग' (Constitution Review Commission) गठन गरी राय सुझाव र सिफारिसका आधारमा गरिनुपर्दछ ।

**४) सामाजिक न्यायको हक सम्बन्धी**

१३. समावेशी लोकतन्त्र, सामाजिक सुरक्षा र सामाजिक न्यायको हक सुनिश्चितताका लागि संविधानको धारा ४२ र ४३ को भावना अनुकूल कानून निर्माण र कानून संशोधन गरी समानुपातिक समावेशीता, सामाजिक न्याय र सामाजिक सुरक्षाको हकलाई प्रत्याभूति गराउने ।

१४. पिछडावर्ग (OBC) र अति पिछडावर्गलाई सूचीकृत गरी उनीहरूलाई समावेशिता र सामाजिक न्यायको प्रत्याभूति गराउन आवश्यक कानून निर्माण गर्ने र सुचीकृत गर्न छुटेका आदिवासीहरुलाई पनि सुचीकृत गरिनुपर्दछ । मधेशी र गैर-मधेशी दलितहरूको छुट्टा-छुट्टै सुचीकृत गर्ने तथा तराई/मधेशका अति पिछडीएका मुसहर, डोम, मेस्तर, हल्खोर जातिलाई महादलित घोषणा गरी उनिहरुको उत्थानका लागि विशेष व्यवस्था गरिनुपर्दछ ।

१५. नि:सहाय, सुकुमवासी तथा वास्तविक भूमिहीन नेपालीहरूलाई सम्भव भएसम्म उनिहरुको सम्बन्धित जिल्लाभित्रनै आवश्यक भूमि उपलब्ध गराउने र सोको लागि भूमि आयोगलाई क्रियाशील र प्रभावकारी बनाई यसै वर्षभित्र भूमिहीन तथा सुकुमवासीहरूको समस्या हल गरिनुपर्दछ ।



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

१६. जेष्ठ नागरिक तथा अशक्त, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्येक महिनाको अन्तिम दिनसम्म सामाजिक सुरक्षा भत्ता अनिवार्य उपलब्ध गराइनुपर्दछ ।

**५) निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा**

१७. (क) राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र तथ्याङ्क बमोजिम जनसंख्याको आधारमा प्रतिनिधित्व गर्न पाउने हक लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र मान्यता अनुसार संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गरिनुपर्दछ ।

(ख) दलित र महिलाहरुका लागि छुट्टा-छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्दछ ।

१८. राष्ट्रिय सभामा प्रदेशको जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्दछ । स्वतन्त्र एवम् दलविहीनताका आधारमा स्थानीय तहको निर्वाचन हुने व्यवस्था गरिनुपर्दछ ।

**६) शिक्षा सम्बन्धी :**

१९. सरकारले सञ्चालन गरेको विद्यालय, कलेज र विश्वविद्यालयहरूमा पर्याप्त संख्यामा आवश्यक योग्य विषयगत शिक्षक, प्राध्यापक एवं जनशक्तिको व्यवस्थापन गर्ने, सरकारी विद्यालय र कलेजहरूमा उच्चस्तरको गुणस्तरीय तथा आजको युगको आवश्यकता अनुरूप प्राविधिक तथा सीपमूलक र व्यवसायिक शिक्षांको व्यवस्था सरकारले नै गर्नुपर्दछ । शिक्षाको दायित्व राज्यको नै रहने गरी निःशुल्क शिक्षा प्रणाली हुनुपर्दछ । यसका अतिरिक्त देशमा सञ्चालन भइरहेका गुरुकुल, गुम्वा र मदरसा शिक्षालाई राज्यले नीति निर्माण गरी नियमन र व्यवस्थित गर्ने कार्य गर्नुपर्दछ ।

२०. सरकारले सबै प्रदेशहरूमा प्रादेशिक सीप तालिम केन्द्र स्थापना र सञ्चालन गरी स्वदेशी वा वैदेशिक रोजगारमा जानेहरूलाई आवश्यक सीप तालिमको व्यवस्था गर्ने । गरिबी रेखामूनि रहेका दलित तथा विपन्न वर्गलाई सरकारले निःशुल्क तालिम उपलब्ध गराउनुपर्दछ ।

२१. सम्पूर्ण पालिकाहरूसम्म इन्टरनेट पहुँचको व्यवस्था गर्ने र अध्ययनरत विद्यार्थीहरूका लागि सहुलियत दरमा इन्टरनेट सेवा उपलब्ध गरिनुपर्दछ ।

२२. सरकारले प्रत्येक प्रदेशमा प्रदेश देखि पालिकास्तरसम्मका लागि खेलकुद मैदान, पार्क, प्रशिक्षण केन्द्र आदिको व्यवस्था गरिनुपर्दछ ।

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

२३. नेपालमा प्रत्येक प्रदेशहरूमा मेडिकल कलेजको स्थापना गर्ने र हाल सञ्चालनमा रहेको मेडिकल कलेजहरूलाई आ-आफ्नो क्षमता अनुसार विद्यार्थी भर्ना लिने, अध्ययन अध्यापन गर्ने व्यवस्था मिलानुपर्दछ ।

२४. उच्च मा.वि.तहसम्मको शिक्षालाई व्यवस्थापन र सञ्चालन गर्ने गरी प्रदेश सरकारको मातहत राख्ने । यसका अतिरिक्त संघीय सरकारले प्रत्येक प्रदेशमा संघीय सरकारको सञ्चालन र व्यवस्थापनमा रहने गरी विश्वविद्यालय, कलेजहरू, केन्द्रीय तथा आवासीय विद्यालयहरू स्थापनाका साथै बहिरा र अन्धाहरुको लागि उच्च शिक्षासम्मको शिक्षण संस्था स्थापना गरी सञ्चालन गरिनुपर्दछ । सार्वजनिक तथा निजी विद्यालयहरुको लागि एकै खालको पाठ्यक्रमहरु हुनुपर्दछ ।

२५. उच्च तहको शिक्षालाई रोजगारसँग जोड्ने । Part time job र part time education को पनि व्यवस्था मिलाउने ।

२६. विद्यालय शिक्षकहरू खुल्ला प्रतिस्पर्धाबाट मात्र भर्ना गर्ने र भर्ना भएका शिक्षकहरूलाई आवश्यक तालिम दिएर विद्यालयमा पठाउने, शिक्षकहरूको तलब, सेवा सुविधा निजामती कर्मचारी सरह हुने गरी व्यवस्था गर्ने र साथै राज्यले नै मातृभाषामा शिक्षाको व्यवस्था गरिनुपर्दछ ।

**७. स्वास्थ्य सम्बन्धी:**

२७. संविधानको धारा ३५ (१) अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने प्रावधान भएअनुसार सबै सरकारी अस्पतालहरूबाट उपचारका साथै नि:शुल्क औषधिको पर्याप्त मात्रामा व्यवस्था गरिनुपर्दछ ।

२८. सरकारले स्वास्थ्य सेवाका लागि अति विशिष्ट (Super Speciality) अस्पताल, प्रादेशिक अस्पताल, पालिकास्तरसम्मका अस्पतालहरूलाई आवश्यक पर्ने औषधी, उपकरण, प्रयोगशाला, जनशक्ति र तालिम उपलब्ध गराउने व्यवस्था गरिनुपर्दछ ।

२९. संघीय सरकारले प्रत्येक प्रदेशमा कम्तिमा एउटा अतिविशिष्ट अस्पताल, एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान, एउटा वैकल्पिक चिकित्सा अध्ययन एवं उपचार केन्द्र र श्रम अस्पतालको स्थापना गरी सञ्चालन गरिनुपर्दछ ।

३०. आर्थिक अभावले गर्दा उपचार गराउन असमर्थ अति विपन्न वर्ग, असक्षम गरिब र असहायहरूलाई स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था सरकारले नै गर्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।



जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७ PEOPLE'S SOCIALIST PARTY, NEPAL

## ८. कृषि सम्बन्धी:

३१. कृषि उत्पादन वृद्धि गर्न सरकारले सिँचाइको लागि कृषि विद्युतिकरण, नहर निर्माण, नदी नियन्त्रण र नदीका किनारहरुमा वृक्षा रोपण गर्ने, स-साना सिँचाई आयोजना, भूमिगत सिँचाई आयोजना, नदीहरूमा तटबन्ध निर्माण लगायतका आवश्यक कार्यहरू गरी खेतमा सिँचाइको व्यवस्था गरिनुपर्दछ ।

३२. संघीय सरकारले नेपालमै रसायनिक मल, प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना गर्ने, कृषिमा Biotechnology को प्रयोग गर्ने, कृषि उत्पादनका लागि आवश्यक पर्ने किट्नासक औषधीका साथै मल खाद्यको पर्याप्त भण्डारण गरी आवश्यकतानुसार कृषकहरूलाई समयमै मलखाद, किट्नासक औषधी, उन्नत बीऊ बीजन उपलब्ध गराउने तथा पानी र माटो जाँच, कृषि प्राविधिक आदि सेवाहरू स्थानीय तहमै उपलब्ध गराउने गरी व्यवस्था गर्ने र सरकारले कृषि सडक निर्माणका साथै पशु तथा बाली बिमाको व्यवस्था पनि गरिनुपर्दछ ।

३३. सरकारले अन्न, फलफूल, तरकारी, अण्डा, माछा, मासु आदिका लागि कृषि बजारको स्थापना र व्यवस्थापन गरी किसानहरूलाई बिचौलियाको शोषणबाट मुक्त गरिनुपर्दछ ।

३४. कृषि उत्पादनलाई व्यवस्थित गर्न प्रत्येक पालिकाहरूमा शीत भण्डार (Cold storage) को निर्माण गरी सञ्चालन गरिनुपर्दछ ।

३५. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, औद्योगिकरण गरी देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने, गरिबी र बेरोजगारी समस्याहरूको समाधान गर्न कृषि क्षेत्रको ठूलो योगदान हुनेहुँदा वैज्ञानिक भूमि व्यवस्थापन तथा कृषि नीति र कानून निर्माण गरी कार्यान्वयन गरिनुपर्दछ ।

३६. ग्रामीण विकास बैंक, साना किसान विकास, लघुवित्त संस्था, कृषि सहकारी संस्था, कृषि विकास परियोजना, कृषि बजार आदि स्थापना गरी प्रभावकारी रूपमा परिचालन गर्ने र उक्त संस्थाहरूको माध्यमबाट साना किसानहरूलाई सस्तो ब्याजदरमा कृषि ऋण, तालिम र सहुलियत प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ ।

३७. कृषि र कृषिमा आधारित उद्योगहरू स्थापना र सञ्चालन गर्न सरकारले बैंकहरू मार्फत ऋण, प्रविधि लगायतका अन्य आवश्यक सहुलियतहरू प्रदान गर्ने । सरकारले

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

कानून र नीति निर्माण गरी कृषि मजदुरहरुको संरक्षण र न्यायोचीत ज्यालाको व्यवस्था गरिनुपर्दछ ।

**९. उद्योग, कलकारखाना सम्बन्धी**

३८. नीजी र सरकारले सञ्चलन गरेका, विगतमा मुनाफामा चलेका तर हाल बन्द रहेका उद्योगहरूलाई नीति निर्माण गरी पून: सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था गरिनुपर्दछ ।

३९. उद्योग व्यवसाय क्षेत्रमा देखा परेका वा लगानीकर्ताले बेहोर्नु परेका हड्ताल, तालाबन्दी, प्रशासनिक झन्झट र सरकारी भ्रष्टाचार तथा ढिलासुस्तीलाई अन्त्य गर्ने र यस सम्बन्धमा सरकारको तर्फबाट गर्नुपर्ने प्रशासनिक लगायतका कार्यहरू सम्पन्न गरिसक्ने गरी समय सीमा निर्धारण गरिनुपर्दछ ।

४०. (क) पर्यटन तथा उद्योग, कलकारखाना सञ्चालन गर्न लगानीकर्तालाई प्रोत्साहन गर्ने, आवश्यक कानूनी, विधि र प्रक्रिया पूरा गरी निवेदन दिएको १५ दिनभित्र सरकारले आवश्यक पर्ने सबै प्रक्रियाहरू पूरा गरी अनुमति प्रदान गर्ने र उद्योग कलकारखाना सञ्चालन गर्न आवश्यक पर्ने भूमि, विद्युत आपूर्ति, बैंक ऋण आदिको प्रबन्ध ३० दिनभित्र एकद्वार प्रणालीबाट उपलब्ध गराउनुपर्ने व्यवस्था गरिनुपर्दछ ।

(ख) हरेक प्रदेशमा औद्योगिक कोरीडर घोषणा गरिनुपर्दछ ।

(ग) वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिटेन्सलाई उत्पादन कार्यमा उपयोग गर्न आवश्यक व्यवस्था गरिनुपर्दछ ।

४१. COVID-19 महामारी, प्राकृतिक प्रकोप लगायतका असरहरूबाट प्रभावित भई उद्योग व्यवसाय सञ्चालन गर्न नसकेका उद्योगहरू, कम्पनी वा संस्थाहरूलाई करमा लगाएको जरिवाना छूट दिने र कर किस्ताबन्दीमा तीर्न सक्ने व्यवस्था गरिनुपर्दछ ।

४२. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, कलकारखाना तथा उत्पादन क्षेत्रमा स्वदेशी र वैदेशिक लगानीकर्ताहरूलाई लगानी गर्न लगानीमैत्री वातावरण निर्माण गर्ने र लगानीका लागि सरल व्यवस्था गरिनुपर्दछ ।

४३. (क) बैंकहरूको ब्याजदर सिङ्गल डिजिटमा झार्ने र चालु पूँजी कर्जा नीतिलाई हटाउनुपर्दछ ।

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

(ख) देशभित्र उत्पादित बस्तु निर्यात गर्न र प्रोत्साहन गर्नका लागि एक्जिविसन सेन्टरको स्थापना गरिनुपर्दछ ।

(ग) नेपालमा कृषि उद्योग, जडिबुटी उत्पादन, प्रशोधन र हाइड्रोपावरलाई प्राथमिकता दिइनुपर्दछ ।

**१०) बहुभाषिक नीति सम्बन्धमा :**

४४. नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुराष्ट्रिय/जातीय विविधतायुक्त मुलुक भएको हुँदा राज्यको एकल भाषिक नीतिलाई अन्त्य गरी नेपाली भाषा सँगसँगै नेपालमा बोलिने र प्रचलनमा रहेका अन्य भाषाहरुलाई पनि सरकारी कामकाजी भाषा र शिक्षण माध्यमको रुपमा राज्यले मान्यता दिनुपर्दछ ।

**११) हवाई, सडक यातायात सेवा सुरक्षा सम्बन्धमा :**

४५. नेपालमा हवाई तथा सडक दुर्घटनाहरू पटक-पटक भइरहेका छन् । जसबाट अत्यधिक जनधनको क्षति भोग्नु परिरहेको छ । सरकारले सुरक्षित हवाई सेवाका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको विमानहरुलाई मात्र सञ्चालन गर्न अनुमति दिने तथा सुरक्षित सडक यातायात सेवाको लागि सडकको स्तरउन्नतिका साथै प्राविधिक त्रुटीहरू हुँन नदिने तर्फ कार्य गरिनुपर्दछ ।

**१२) जलवायु परिवर्तन सम्बन्धमा :**

४६. जलवायु परिवर्तनका कारण मानव जीवन र पृथ्वीको प्राकृतिक अवस्थामा नै सङ्कट उत्पन्न भइरहेको हुदा वातावरण र जलवायु परिवर्तनलाई सन्तुलित गर्न राज्यद्वारा अभियानको रुपमा यथाशिघ्र ठोस कदमहरु चालिनुपर्दछ ।

**१३) लागु औषध नियन्त्रण सम्बन्धमा :**

४७. युवा पिढीलाई दूर्व्यशनबाट जोगाउन देशमा लागु औषधको विक्रि वितरण र प्रयोग वढिरहेकोले यसलाई पूर्णरुपमा नियन्त्रण गरिनुपर्दछ ।

**१४) मिटरब्याज सम्बन्धमा :**

४८. मिटरब्याज सम्बन्धी कारोबारले गर्दा समाजमा आन्तरिक द्वन्द्वका साथै अत्यन्त गम्भिर रुपमा उत्पन्न भएका समस्याहरु समाधान गरिनुपर्दछ । भविष्यमा विपन्न वर्गका जनतालाई यस्ता समस्याहरुबाट मुक्त गर्नका लागि गाउँ-गाउँमा बैंक अथवा वित्तिय संस्थाहरु स्थापना गरी सो मार्फत सहजरुपमा ऋण उपलब्ध गराउने व्यवस्था गरिनुपर्दछ ।

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

१५) **भ्रष्टाचार नियन्त्रण र सुशासन सम्बन्धमा :**

४९. सुशासन र सदाचारको लागि भ्रष्टाचार, कमिशनतन्त्र, नेता र व्यापारिको स्वार्थको जालो (Crony Capitalism), बिचौलिया तथा प्रशासनिक असक्षमता र ढिलासुस्ती लगायतका कार्यहरूलाई कडाईका साथ नियन्त्रण गर्ने, निर्मूल पार्न विगतमा भएगरेका यस्ता कार्यहरुका सम्बन्धमा निश्पक्ष छानवीन गर्न उच्चस्तरीय छानवीन आयोग गठन गरिनुपर्दछ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न स्वायत्त, स्वतन्त्र र अधिकार सम्पन्न लोकपालको व्यवस्था गरिनुपर्दछ ।

५०. सरकारी बजेट मार्फत् सङ्घ, प्रदेश र स्थानीय तहमा हुने सबै खाले खरिद एवं निर्माण कार्यहरू टेण्डर प्रक्रियाबाट मात्र गर्नुपर्ने व्यवस्था गर्ने ।

५१. महँगी नियन्त्रण गर्न आपूर्ति व्यवस्थामा सुधार गरी बजार नियमन र नियन्त्रण, मूल्य नियन्त्रण लगायतका आवश्यक कार्यहरू गरिनुपर्दछ ।

५२. सरकारी कार्यालय अन्तर्गका सार्वजनिक सेवा प्रवाहमा सुधार गरी सेवाग्राहीलाई अधिकतम् ७ दिनभित्र सेवा प्रदान गरीसक्ने गरी कानूनी व्यवस्था मिलाइनुपर्दछ ।

५३. सबै नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचय पत्र उपलब्ध गराउन प्रत्येक पालिकास्तरमै व्यवस्था गर्ने र वृद्ध, अशक्त, अपाङ्गता भएकाहरुलाई घर-घरमै राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन व्यवस्था गरिनुपर्दछ ।

५४. हुलाकी सडक लगायत सम्पूर्ण राष्ट्रिय गौरवका आयोजनाहरूलाई तीन वर्षभित्र सम्पन्न गरि सक्ने गरी योजना बनाउने ।

१६) **युवा स्वरोजगार कार्यक्रम सम्बन्धमा :**

५५. वेरोजगार युवाहरूको लागि वेरोजगारी भत्ताको व्यवस्था गरिनुपर्दछ । वेरोजगारी समस्या हल गर्नका लागि युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र सोको लागि आवश्यक पूँजी, तालिम, बजार लगायतका आवश्यक कार्यक्रमहरूसँगै योजना निर्माण गरी प्रत्येक पालिकाहरुमा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न व्यवस्था गर्ने, शीप र अनुभव प्राप्त गरी वैदेशिक रोजगारबाट फर्किएर आएकाहरुको लागि स्वदेशमै व्यवसाय सञ्चालन गर्न राज्यले आवश्यक व्यवस्था गर्ने । आदिवासीहरुको परम्परागत ज्ञान र शीपलाई संरक्षण र विकास गरी उत्पादन कार्यमा लगाउन आवश्यक व्यवस्था गरिनुपर्दछ ।

५६. जनतालाई सरकारले खाद्य सुरक्षाको प्रत्याभूति गराउन खाद्य वस्तुहरुको गुणस्तर जाँच गरेर मात्र विक्रि वितरणका लागि अनुमति दिनुपर्दछ । दैनिक उपभोग्य



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

वस्तुहरूको सहज आपूर्ति व्यवस्था गर्नका साथै सरकारले कालोबजारी, कृतिम अभाव सिर्जना गर्ने र सोही अनुसार बिक्री वितरण गर्ने/गराउनेहरूलाई कानूनी कारबाही गरिनुपर्दछ ।

५७. संघीय सरकारद्वारा तराई/मधेश राष्ट्रिय पूर्वाधार विकास कार्यक्रम, दुर्गम क्षेत्र विकास आयोजना लागू गरी विकास निर्माणका कार्यहरूलाई तीव्रताकासाथ अगाडि बढाइनुपर्दछ ।

५८. सङ्घीयतालाई कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रभावकारी र क्रियाशील बनाउने । वितिय संघीयताको मूल्य र मान्यता अनुरूप सङ्घ र प्रदेशबीच प्राकृतिक स्रोत, साधनलाई पूर्वाग्रहरहीत भई न्यायोचित बाँडफाँडको नीति निर्धारण गरी कार्यान्वयन गरिनुपर्दछ ।

५९. भारतीय सीमासँग जोडिएका नाकाहरूबाट नेपालीहरूलाई आफ्ना उपभोगका वस्तुहरू ल्याउन रू. एक लाखसम्मको भन्सार छूट दिने व्यवस्था गरिनुपर्दछ ।

६०. भारतीय पर्यटक एवं तीर्थयात्रीहरूलाई नेपालमा आउँदा भारतीय रूपैयाँको सटही गर्ने व्यवस्था सरकारले अविलम्ब गरिनुपर्दछ ।

६१. सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्तिहरू दलीय भागवण्डा तथा आफ्नो नाता गोता वा लेनदेनका आधारमा नगरी नीजले देश र जनताका लागि गरेको योगदान, योग्यता, क्षमता र अनुभवको आधारमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गरिनुपर्दछ ।

६२. बारा जिल्लाको कबही, सिम्रौनगढ, छिन्नमस्ता, सोभरनपट्टी, सुईया बघौडा लगायत भारतीय सीमासँग जोडिएका तराई/मधेशका नाकाहरूमा भन्सार, छोटी भन्सार स्थापना गरी सञ्चालन गरिनुपर्दछ ।

६३. तराई/मधेश क्षेत्रलगायत विभिन्न स्थानमा खटिएका प्रहरी, सरकारी कर्मचारी र प्रशासनलाई स्थानीय जनताप्रति जिम्मेवार, अनुशासित मर्यादित बनाउने, त्यस क्षेत्रमा हुने गरेका प्रहरी प्रशासनको ज्यादती र दमन बन्द गरिनुपर्दछ ।

६४. **विपद् व्यवस्थापन सम्बन्धमा** : हाल देशका विभिन्न भागहरूमा देखा परेका प्राकृतिक प्रकोप, बाढी, पहिरो वा भू-स्खलनका कारण निकै धनजनको क्षति हुनका साथै विकासका पूर्वाधारहरू क्षतिग्रस्त भएका छन् । यसबाट जनतालाई तत्काल उद्दार,



जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७ PEOPLE'S SOCIALIST PARTY, NEPAL

राहत र पुनर्स्थापनाको कार्य गरी क्षतिग्रस्त भएका विकासका पूर्वाधारहरूको पुन:निर्माण यथाशीघ्र गरिनुपर्दछ ।

६५. तराई/मधेशलाई मरूभूमिकरणबाट जोगाउन र यसबाट सिङ्गो देशलाई बचाउन चुरिया क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरी उत्खनन्, निर्माण तथा बसोबास आदि कार्यलाई रोक लगाउनुपर्दछ ।

६६. विगतमा भए गरेका भ्रष्टाचार, अनियमितता र अधिकारको दुरूपयोग जस्ता दर्जनौ काण्डहरूलाई ढाकछोप नगरी निष्पक्ष रूपमा अनुसन्धान गरी दोषी उपर कानुनी कारबाही गरिनुपर्दछ ।

६७. मधेश आन्दोलनको बेला नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको २२ बुँदे सम्झौता, नेपाल सरकार र संयुक्त मधेशी मोर्चाबीच सम्पन्न भएको ८ बुँदे सम्झौता, पीछडावर्ग, दलित, थारु आन्दोलन, आदिवासि जनजातिहरुसँग भएका सम्झौताहरु कार्यान्वयन गर्न बाँकी रहेका प्रावधानहरूलाई सरकारले यथाशिघ्र कार्यान्वयन गर्नुपर्दछ ।

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

उपेन्द्र यादव
अध्यक्ष